# स्थानीय राजपत्र


तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, भाग २, संख्या ५ , मिति २०८० भाद्र ३१ गते


## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तिनाउ गाउँपालिकाले तिनाउ गाउँपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८० तयार गरेको छ ।**

## कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८०

**प्रस्तावना :** तिनाउ गाँउपालिका दोभान,पाल्पा भित्र कृषि विकास शाखा मार्फत संचालन हुने कृषि विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम तिनाउ गाँउपालिकाले "कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८०" तयार गरि लागू गरेको छ ।

## परिच्छेद-१

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८०"रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि तिनाउ गाँउपालिका पाल्पा भरी लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा |

(क) "अनुदान " भन्नले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागी कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ग) "कम्पनी"भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समुहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका संस्थालाई सम्झनु पर्छ ।

(घ) "कार्यक्रम" भन्नले यस कार्यविधिको दफा ५मा उल्लेखित भएका क्रियाकलाप/कार्यक्रमलाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नले तिनाउ गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय दोभान,पाल्पा लाई सम्झनु पर्छ ।

(च) "कृषक समुह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या,आवश्यकता र चाहनाहरु भएका न्युनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामुहिक प्रयत्न द्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको निजि क्षेत्रका व्यवसायी/उद्यमीको संस्था लाई सम्झनु पर्छ ।

(ज) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्थालाई सम्झनु पर्छ |

(झ) "समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित कार्यक्रम ब्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ञ) “स्थानिय तह” भन्नाले तिनाउ गाउँपालिका दोभान,पाल्पालाई सम्झनु पर्छ ।

३.यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षामा टेवा पुरियाउने,

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसाय लाई व्यवसायीकरण गरि आत्मनिर्भर,आधुनिक र प्रतिस्पर्धी बनाउने,

(ग) कृषि उपजको सरल र सुलभ बजार पहुँच बृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्धन गर्दै कृषकको आयस्तरमा सुधार गर्ने,

(घ) कार्यक्रमहरु व्यवस्थित,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने,

४.सरोकारवाला निकायहरुः यस कार्यक्रमलाई संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिम भूमिका हुनेछः

(क) कृषक/फर्म/कम्पनी/समुह/सहकारी संस्था अन्तर्गत एकल वा संयुक्त रुपमा कार्यालयबाट कृषि विकास कार्यक्रम संचालन हुनेछ ।

(ख)कार्यालयले प्रविधि, प्रविधि विस्तार र सेवा टेवा तथा कार्यक्राम संचालन गर्नेछ ।

# परिच्छेद-२

## संचालित कार्यक्रमहरु

५.कृषि विकास कार्यक्रमहरुको विवरण : कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रहि देहायबमोजिमका कार्यक्रमहरु हुनेछन्

| क्र.स. | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| क | वाली विकास कार्यक्रम | | | | |
| १ | ५०%अनुदानमा बिउ वितरण (धान,गहु तथा मकै) कार्यक्रम | · अनुसूची -१ बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म हुनु पर्ने, | विउ खरिद,ढुवानी तथा वितरण | उल्लेखित क्रियाकलापहरु ५०%अनुदानमा वार्षिक बजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| | | · समुह ,सहकारीमा आवद्ध नभएका कृषकले वडाको सिफारिसको आधारमा निवेदन दर्ता गराउन पाउने, | | | |
| २ | धान दिवस कार्यक्रम | शाखाको सम्बन्धित प्रविधिकले छनौट गरेको स्थानमा संचालन गर्ने | दुई रोपनी क्षेत्रफलमा धान रोपाईको सम्पूर्ण खर्च,सहभागीहरु लाई खाजा आदी | गाउँपलिकाको निति नियम बमोजिम गर्ने । | |
| ३ | मकै बाली उन्नत बिउ प्रवर्धन कार्यक्रम | · अनुसूची -१ बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गर्नु भन्दा अगाडी नियमानुसार दर्ता भएका कृषक समुह र कृषि सहकारी । | · आवश्यक मूल/प्रमाणित बिउ,मल,बिषादी, यन्त्र औजार,ग्रेडिङ्ग,पैकेजिङ्ग,सामाग्री खरीद तथा वितरण | · उल्लेखित क्रियाकलापहरु १००% अनुदानमा वार्षिक बजेटको परिधि भित्र रहि सार्वजनिक ऐन,नियमावली अनुसार गर्नु पर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | · बिउ उत्पादनको लागी को लागी ३५ देखी ५० रोपनीको कलष्टर हुनुपर्ने। | · आवश्यक अनुगमन तथा निरिक्षण | | |
| | | · सम्बन्धित समुह सहकारीले बिउ बिजन उत्पादनको लागी आवश्यक तालिम मान्यता प्राप्त संस्था बाट लिएको हुनुपर्ने । | | | |
| | | · बिउ विजन उत्पादनको क्रममा कलष्टर निर्धारण गर्ने,स्रोत बिउ ,बिउ निरिक्षक बाट निरिक्षण गराउनु पर्नेछ । | | | |
| | | · बिउ उत्पादनको क्रममा खडा बाली,प्रशोधन स्थल,पैकेजिङ्ग गर्दा नियमानुसार अनिवार्य रुपले बिउ निरिक्षक बाट निरिक्षण गराउनु पर्नेछ । | | | |
| | | · बिउ उत्पादनको प्रत्येक चरणमा तिनाउ गाउँपालिकाको कृषि विकास शाखामा पूर्व जानकारी गराउनु पर्नेछ । | | | |
| ४ | रैथाने बाली (कोदो,फापर) बजारीकरण कार्यक्रम | · अनुसूची-१ बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गरेको कलष्टर । | · साविकको समुह भए सोही समुह बाट / नभएको खण्डमा नयाँ गठन गरि कार्यक्रम संचालन गर्नु पर्नेछ । | · उल्लेखित क्रियाकलापहरु १००% अनुदानमा वार्षिक बजेटको परिधि भित्र रहि सार्वजनिक ऐन,नियमावली अनुसार गर्नु पर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | · यस कार्यक्रम भित्र कोदो ,फापर खेती गर्ने कृषक लाई मात्र समाबेश गरिनेछ । | · यस कार्यक्रम अन्तर्गत कुटानी पीसानी (कम्बाइन मिल),पैकेजिङ्गको लागी आवश्यक पर्ने सामाग्रीहरु(प्लाष्टिक थैला/झोला/बोरा लेवलिङ्ग सहितको उपलब्ध गराइनेछ । | | |
| | | · यस कार्यक्रम अन्तगत कोदो,फापर उत्पादन,प्रशोधन,पैकिङ्ग तथा बजारीकरण कार्यहरु गाउँपालिकाको निगरानीमा हुनेछ । | · उत्पादन, प्रशोधन,भण्डारण तथा बाजारिकरण आदी चरणहरुमा प्राविधिक सेवा परामर्स प्रदान गरिनेछ । | | |
| | | · उत्पादित बस्तुलाई अनिवार्य रुपमा बजार संग जोडनु पर्नेछ । | | | |
| | | · उत्पादित बस्तुको बजारिकरण संक्षिप्त प्रतिवेदन अनिवार्य रुपमा कृषि विकास शाखामा पेश गर्नु पर्नेछ । | | | |
| ५ | उत्पादनमा आधारित अनुदान कार्यक्रम | · यस कार्यक्रम अन्तर्गत तिनाउ गाउँपालिकाको सहयोग तथा सहकार्यमा संचालित तिनाउ कृषि उपज बिक्री केन्द्र बुटवल मार्फत कारोबार गर्ने कृषक लाई मात्र अनुदान उपलब्ध गराइनेछ । | · यस कार्यक्रम अन्तर्गत तिनाउ कृषि उपज बिक्री केन्द्र मार्फत प्राप्त तथ्यांक अनुसार कार्यपालिकाको निर्णय बमोजिम अनुदान उपलब्ध गराइनेछ । | कार्यपालिकाको निर्णय बमोजिम | |
| | | · यस कार्यक्रम अन्तर्गत तिनाउ कृषि उपज बिक्री केन्द्र बुटवल द्धारा उपलव्ध गराइएको कृषकहरुको कारोबार तथ्यांकलाई आधार मानी अनुदान रकम उपलब्ध | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गराइनेछ । | | | |
| | | · प्रति कृषकले गरेको कारोबार लाई आधार मानी रु.१००। बराबरको कारोबार गर्दा रु.५। उत्पादनमा अधारित अनुदान रकम उपलब्ध गराइनेछ । | | | |
| ६ | क्रप कटिङ्ग | · तथ्यांक अध्यावधिक गर्नु पर्ने बालीहरुको पहिचान गर्ने | · छनौट नमुना क्षेत्रमा बाली कटानी गर्ने । | · बालीको हकमा प्रति नमुनाका लागी बढीमा रु.३००प्रति बाली कटानी खर्च गर्ने | |
| | | · सबै क्षेत्रको प्रतिनिधित्व हुने गरि बाली कटानी गर्ने क्षेत्रहरु यकिन गर्ने | · बाली कटानी भएको नमुना क्षेत्रको छुट्टाछुट्टै तथ्यांक लिने | जस मध्ये रु.१०० क्षेतिपूर्ती स्वरुप कृषकले पाउने र बाकी रु.२०० प्रविधिक सेवा वापत खर्च गरिने | |
| | | · छनौट गरिएका क्षेत्रहरु मध्ये २५ बर्ग फिटको नमुना क्षेत्र यकिन गरि बाली कटानी गर्ने | · लिएको तथ्यांक अनुसार उत्पादकत्वको गणना तोकिएको मापदण्ड बमोजिम गर्ने | · विनियोजित बजेटको परिधि भित्र बाली कटानी संख्या निर्धारण गरि कार्यक्रम संचालन गरिने | |
| | | · दुरी मापनको लागी मेजरिङ्ग टेपको प्रयोग गर्ने | · तथ्यांक कम्पाइलेसन तथा प्रतिवेदन तयार पारी कृषि विकास शाखामा राख्ने | | |
| | | · प्रत्येक उत्पादन क्षेत्रमा कम्तिमा ५ वटा Randomized नमुना वाट उत्पादन रेकर्ड लिने | | | |
| ख | वागवानी विकास कार्यक्रम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ५०%अनुदानमा तरकारी क्षेत्र विस्तार कार्यक्रम | · अनुसूची-१ बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | विउ विजन,विषादी,टनेल, स्प्रेयर,मल्चिङ्ग प्लाष्टिक हजारी,थोपा सिचाई,सिकेचर, जैविक/प्रंगारिक मल आदी वितरण । | उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन,नियमावली अनुसार गर्नु पर्ने | |
| २ | ५०%अनुदानमा धनिया तथा खुर्सानी क्षेत्र विस्तार कार्यक्रम | · अनुसूची-१ बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | विउ विजन,विषादी, जैविक/प्रंगारिक मल आदी वितरण । | उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन,नियमावली अनुसार गर्नु पर्ने | |
| ३ | ५०% अनुदानमा आलु क्षेत्र विस्तार कार्यक्रम | अनुसूची-१ बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | आलु विउ, विषादी, जैविक/प्रंगारिक मल, स्प्रेयर आदि वितरण । | उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| ४ | १००%अनुदानमा बगैचा स्थापना कार्यक्रम(आँप,लिची,कागती,केरा आदी) | · अनुसूची-१ बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | · विरुवा खरीद,ढुवानी तथा वितरण | उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| | | · व्यक्तिगतरुपमा पनि कृषकले निवेदन दर्ता गराउन पाउने | | | |
| | | · कृषकले खाडलको तयारी विरुवा वितरणको एक महिना अगावै गर्नु पर्ने | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | फलफुल बगैचा व्यवस्थापन कार्यक्रम | अनुसूची-१ कानुन बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु अगाडी दर्ता भएका फार्म हुनुपर्ने । | · फलफुल बगैचा व्यवस्थापन सम्बन्धी क्रियाकलाप जस्तै मल,स्प्रेयर,सिकेचर,चुन,निलोतुथो, तथा आवश्यक अन्य सामाग्री | उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| | | · कम्तीमा ३ रोपनीमा फलफुल बगैचा भएको हुनुपर्ने । | · अवश्यकता अनुसार अन्य क्रियाकलाप | | |
| | | · फलफुल बोट उत्पादनशिल रहेको हुनुपर्ने । | | | |
| ६ | अदुवा/बेसार उत्पादन तथा बजारीकरण कार्यक्रम | अनुसूची-१ बमोजिम सुचना प्रकाशन/वडाले सिफारिस गरेको कलष्टर । | · साविकको समुह भए सोही समुह बाट / नभएको खण्डमा नयाँ गठन गरि कार्यक्रम संचालन गर्नु पर्नेछ । | · उल्लेखित क्रियाकलापहरु ५०% अनुदानमा वार्षिक बजेटको परिधि भित्र रहि सार्वजनिक ऐन,नियमावली अनुसार गर्नु पर्ने । | |
| | | · यस कार्यक्रम भित्र आदुवा/बेसार खेती गर्ने कृषक लाई मात्र समाबेश गरिनेछ । | · यस कार्यक्रम अन्तगत कुटानी पीसानी (कम्बाइन मिल),पैकेजिङ्गको लागी आवश्यक पर्ने सामाग्रीहरु(प्लाष्टिक थैला/झोला/बोरा लेवलिङ्ग सहितको उपलब्ध गराइनेछ । | | |
| | | · यस कार्यक्रम अन्तगत आदुवा/बेसार उत्पादन,प्रशोधन,पैकिङ्ग तथा बजारीकरण कार्यहरु गाउँपालिकाको निगरानीमा हुनेछ । | · उत्पादन, ,प्रशोधन,भण्डारण तथा बाजारिकरण आदी चरणहरुमा प्राविधिक सेवा परामर्स प्रदान गरिनेछ । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | · उत्पादित बस्तुलाई अनिवार्य रुपमा बजार संग जोडनु पर्नेछ । | | | |
| | | · उत्पादित बस्तुको बजारिकरण संक्षिप्त प्रतिवेदन अनिवार्य रुपमा तिनाउ गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्नु पर्नेछ । | | | |
| ग | बाली संरक्षण कार्यक्रम | | | | |
| १ | ५०% अनुदानमा च्याउ विस्तार कार्यक्रम | अनुसूची-१ बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | · च्याउ खेतीको लागी अवश्यक सामाग्री खरीद,ढुवानी तथा वितरण | · उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | खेतीको सम्भावित क्षेत्र/कृषकसमुह लाई प्राथमिकता दिइने छ। |
| २ | बाली उपचार शिविर | अनुसूची-१ बमोजिम सुचना प्रकाशन | · क्षेतीग्रस्त बालीनालीको नमुना संकलनको विधि बारे अग्रीम जानकारी गराउनु पर्ने । | · उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| | | · यस कार्यक्रम अन्तगत शिविर संचालन गर्दा एक स्थानमा बढीमा दुई दिन संचालन गर्नु पर्ने । | · बालीको समस्या पहिचान गरि निराकरणको लागी उपलब्ध सेवा/प्रविधिक सुझाव सल्लाह दिने । | | |
| | | · बालीको समस्या अनुसार निःशुल्क विषादी/प्राविधिक सल्लाह सुझाव दिनु पर्ने । | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ५०%अनुदानमा मौरी क्षेत्र विस्तार कार्यक्रम | अनुसूची-१ बमोजिम सुचना प्रकाशन /वडाले सिफारिस गर्नु भन्दा अगाडी दर्ता भएका कृषक समुह/कृषि सहकारी वा निजी फर्म, | · मौरी पालन सम्बन्धी आवश्यक सामाग्री(मौरी घार, मह मदानी,आधार चाका,क्वीन गेट, आदी )खरीद,ढुवानी तथा वितरण | · उल्लेख क्रियाकलापहरु ५० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| ४ | प्लाष्टिक पोखरी निमार्ण कार्यक्रम | अनुसूची-१ बमोजिम सुचना प्रकाशन गर्नु पर्ने | · पोखरीको लागी प्लाष्टिक खरीद,ढुवानी तथा वितरण | · उल्लेख क्रियाकलापमा पोखरी खनेको लाई आधार मानी निःशुल्क प्लाष्टिक उपलब्ध गराउन वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| | | · सेवाग्राहीले निवेदन,जग्गाको लालपुर्जा तथा नागरिकताको फोटोकापी साथै वडाको सिफारिस पेश गर्नु पर्ने, | | | |
| | | · पेश निवेदनको आधारमा प्रविधिक अनुगमन तथा मुल्यांकन पश्चात छनौट भएका कृषकको नामावली प्रकाशन गरिने छ । | | | |
| घ | कृषि प्रसार कार्यक्रम | | | | |
| १ | मागमा आधारित कृषक तालिम | · कृषकको अवश्यकता तथा मागको आधारमा तालिम कार्यक्रम संचालन गरिने छ, | · तालिम कार्यक्रम सैद्धान्तिक तथा प्रयोगातमक वा दुबै हुन सक्नेछ, | · उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने | |
| | | · वडा कार्यालयको सिफारिस पेश गर्नु पर्ने । | | | |
| | | · तालिम कार्यक्रममा कृषक सहभागिता २५ भन्दा बढी हुने छैन् | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कृषक पाठशाला संचालन | अनुसूची-१ बमोजिम सुचना प्रकाशित गर्नु पर्ने/ वडाले सिफारिस गरेको समुह | · कृषक पाठशालामा सहभागी हुने कृषकहरुलाई स्टेशनरी तथा खाजा उपलब्ध गराउनु पर्ने छ। | · उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |
| | | | · यस कार्यक्रमको लागी आवश्यक पर्ने जग्गाको भाडा खर्च , तयारी खर्च, ब्येहोर्नुका साथै विउ विजन, मलखाद्य ,रसायनिक विषदी तथा अन्य वस्तु खरिद गर्नु पर्ने छ । | | |
| | | | · आई. पी. एम.को सिद्धान्तमा कृषक पाठशाला संचालन गर्नु पर्नेछ । | | |
| | | | · पाठशाला संचालनार्थ सहजकर्ताको पारिश्रमिक पालिकाको नियमानुसार हुनेछ । | | |
| ४ | गाउँपालिका अध्यक्ष संग किसान कार्यक्रम अन्तगत विपन्न कृषकलाई निःशुल्क कृषि उत्पादन सामाग्री वितरण | · ६ वटै वडा कार्यालयले १५ जनाको दरले कुल ९० जना विपन्न तथा पिक्षडिएका कृषकको नामावली छनौट गरि कृषि बिकास शाखामा उपलब्ध गराउनु यसपर्नेछ । | छनौट भएका कृषकहरु लाई मौसम अनुसारको बीउ बिजन,बिषादी,भिटामिन,साना यन्त्र औजार आदी उपलब्ध गराउन सकिनेछ । | · उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | गाउँपालिका उपाध्यक्ष संग अगुवा कृषक सम्मान कार्यक्रम | · यस कार्यक्रम अन्तगत कृषि क्षेत्रमा योगदान पुरियाउदै आएका व्यवसायिक कृषकलाई सम्बन्धित वडाले छनौट गरि कृषि पेशाको क्षेत्र समेत खुलाई कृषक नामावली कृषि विकास शाखा उपलब्ध गराउनु पर्नेछ । | · यस कार्यक्रम अन्तगत सम्मान पत्र र पेशा सँग सम्बन्धित कृषि सामाग्री आदी द्धारा सम्मानित गरिनेछ । | · उल्लेख क्रियाकलापहरु १०० % अनुदानमा वार्षिक वजेटको परिध भित्र रहि सार्वजनिक खरीद ऐन तथा नियमावली अनुसार गर्नु पर्ने, | |

## परिच्छेद-३

**कार्यक्रम संचालन प्रक्रिया**

६. सुचना प्रकाशन :- अनुसुची (१)बमोजिम कम्तीमा १५ दिने सुचना प्रकाशन गर्नु पर्नेछ ।

७. निवेदन पेश :- अनुसुची (२ ) बमोजिम गर्नु पर्नेछ ।

७. अनुगमन तथा मुल्यांकन :- अनुसुची (३ ) बमोजिम गर्नु पर्नेछ ।

८. समुह वा ठाउँको छनौट :- कार्यक्रम संचालनको लागी कृषक समुह वा ठाउँको छनौट अनुगमन तथा मुल्यांकनको आधारमा सम्वन्धीत वडा कार्यलयले / वार्षिक कार्यक्रममा उल्लेख भए अनुसार गर्नु पर्नेछ ।

९. सम्झौता :- अनुसुची (४) बमोजिम गर्नु पर्नेछ ।

१०.माग संकलन:- कृषकलाई आवश्यक पर्ने उत्पादन सामाग्रीको माग संकलन प्रविधिकको सहयोगमा कृषकहरु स्वयं गर्नुपर्नेछ ।

११.जनसहभागिता रकम :- छनौट भएका समुह,सहकारी वा कृषकहरुले सम्वन्धित कार्यक्रमको लागी कृषक समुह,सहकारी,फार्म/ गा.पा.ले माग गरेको कोटेशन स्वीकृत पश्चात ५०% रकम तिनाउ गाँउपालिकाको खातामा जम्मा गर्नुपर्नेछ।

१२.सामाग्री खरीद प्रक्रिया:- सम्पूर्ण खरीदकार्य सार्वजनिक खरीद ऐन तथा नियमावलीको अधिनमा रहि गर्नु पर्ने तथा यस गाउँपालिकामा सुचीकृत रहेको फर्म/कम्पनी/पसल बाट मात्र कारोबार गर्न पाइनेछ ।

१३.कार्य सम्पन्न सिफारिस:- कार्य सम्पन्नको सिफारिस सम्वन्धित वडाले गर्नु पर्नेछ ।

११.भुक्तानी प्रक्रिया :- कार्यालय/समुह,फर्म,तथा सहकारी मार्फत सामाग्री खरीद भई आएको पसल/फर्म/कम्पनीको नाममा वा समुह/सहकारी/फर्मको नाममा बैंकिङ प्रणाली द्धारा (५०% गा.पा. तथा ५०% जनसहभागिता रकम एकमुष्ठ) भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-४

**समिति सम्वन्धी व्यवस्था**

१२. कार्यक्रम व्यवस्थापन समिति:-(१)कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ |

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) अर्थिक प्रशासन शाखा प्रमुख
सदस्य

(ग) योजना शाखा प्रमुख
सदस्य

(घ) खरिद इकाई संयोजक
सदस्य

(ङ) स्टोर शाखा प्रमुख
सदस्य

(च) कार्यक्रम संचालन गर्ने विषयगत शाखाको प्रविधिक (१) जना
सदस्य

(छ) कार्यक्रम संचालन गर्ने विषयगत शाखा प्रमुख
सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम संचालनको लागी कृषि शाखा लाई जिम्मेवारी तोक्ने,

(ख) कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी कार्यन्वयनका लागी सरोकारवाला लाई राय सुझाव दिने,

## परिच्छेद- ५

विविध

(१) बाधा अड्चन,निरुपण र संसोधन : (१) यस कार्यविधि कार्यन्वयनमा बाधा, अड्चन वा विवाद भएमा सो को निरुपण गाँउपालिकाले गर्नेछ ।

(२) यो कार्यविधिको आवश्यक संशोधन गर्नु परेमा गाँउ कार्यपालिकाको बैठक मार्फत गर्न सक्नेछ ।

अनुसुची (१)

सुचनाको ढाँचा

यस तिनाउ गाउँपालिका कृषि विकास शाखाको आ.ब.............को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत संचालित कार्यक्रममा सहभागी हुनको लागी योग्यता पुगेका कृषक समुह/कृषि सहकारी/कृषि फर्मले तपसिलमा उल्लेखित कागजात सहित सुचना प्रकाशन भएको १५ दिन भित्र सम्बन्धीत वडा कार्यालयमा निबेदन दर्ता गराउन हुन यसै सुचना मार्फत सम्बन्धीत सम्पूर्णमा जानकारी गराइन्छ ।

तपसील :-

१.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को दर्ता प्रमाण पत्रको प्रतिलिपी - थान १
२.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को पान दर्ता प्रमाण पत्रको प्रतिलिपी थान -१
३.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी थान -१
४.अनुसूची २ बमोजिमको निवेदन -थान १
५.सम्बन्धीत वडा कार्यालयको सिफारिस- थान १
६.कृषक समुह/कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी थान -१

.............................................

प्रमुख प्रशासकीय

अधिकृत

नोट :-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

अनुसूची-२
निबेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
मितिः-
तिनाउ गाउँपालिका दोभान,पाल्पा

बिषय :- कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

महोदय्

उपरोक्त सम्बन्धमा यस तिनाउ गाउँपालिका कृषि विकास शाखाको आ.ब...............को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत संचालन हुने ..............................................................................कार्यक्रममा मेरो/हाम्रो संस्था.............................................ले उक्त कार्यक्रममा सहभागी हुनको लागी सुचनामा उल्लेख भएको कागजात सहित यो निवेदन पेश गर्दछु/गर्दछौं ।

निवेदक

नामः-
(कृषक समुह/कृषि सहकारी/कृषि फाम को अध्यक्ष/सचिव/प्रोप्राईटर)
ठेगानाः-
सम्पर्क नं.-

संलग्न कागजातहरु
१.कृषक समुह/कृषि सहकारीको हकमा निर्णय प्रतिलिपी -थान १
२.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को दर्ता प्रमाण पत्रको प्रतिलिपी - थान १
३.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को पान दर्ता प्रमाण पत्रको प्रतिलिपी -थान १
४.कृषक समुह/कृषि सहकारी/कृषि फर्म को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी -थान १
५.सम्बन्धीत वडा कार्यालयको सिफारिस -थान १

नोट :कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

अनुसुची -३)

## कार्यक्रम मुल्यांकनको ढांचा

प्रस्ताव मुल्यांकन आधारहरु

(क) प्रस्ताव मुल्यांकनका आधारहरु (प्रारम्भिक मुल्यांकन)

सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा यस तिनाउ गाउँपालिका कृषि शाखाले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागी छनौट गर्नु पर्ने ।

प्रस्ताव मुल्यांकनका आधारहरु (स्थलगत निरिक्षण मुल्यांकन)

आवेदक संस्थाको नाम :-

सम्पर्क व्यक्ति र नम्बर :-

प्रस्तावित कार्यक्रमको नाम :-

कार्यक्रम संचालन स्थलको ठेगाना :-

मुल्यांकन फारम

| क.स. | सुचक÷विवरण | भार | प्रासांक | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधार र संभावनाको अवस्था | | | |
| २ | व्यवसाय व्यवस्थापनको अवस्था र संभावना | | | |
| ३ | प्रविधिक रुपमा उपयुक्त स्थान वा अवस्थिती | | | |
| ४ | रोजगारी सृजनाको अवस्था | | | |
| ५ | वातावरणीय र सामाजिक प्रभाव | | | |
| ६ | उत्पादित बस्तुको वजार योजना | | | |
| ७ | आफै पहलका उत्पादित वस्तुको बाजारीकरण गर्ने | | | |
| ८ | बजारीकरणको लागी आफ्नै सम्झौता नभएको÷अनौपचारिक वजारिकरण भएमा | | | |
| ९ | सम्बन्धीत व्यवसाय विस्तार गर्ने सक्ने क्षमता,निरन्तरता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना | | | |
| १० | अर्थिक पक्षमा तथा लगानी क्षमता सम्बन्धीत व्यवसायको अनुभव | | | |
| ११ | सम्बन्धीत विषयमा तालिम÷अध्ययन गरेको वा सम्बन्धीत बिषयमा वैदेशिक रोजगारको अनुभव | | | |

| | | | | |
|---|---|---|---|---|
| | (कम्तीमा १ बर्ष) | | | |
| १२ | जग्गाको उपलब्धता (तोके अनुसार) | | | |
| १३ | अन्य वस्तुगत अवस्था | | | |
| १४ | समावेशीता (एकल,महिला,सहिद परिवार) | | | |

नोटः मुल्यांकन मापदण्डको कुल अंकको कम्तीमा ४०% अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनौटका लागी प्राथमिकता सुचीमा समावेश गरिनेछ ।

मुल्यांकनकर्ता

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

नोटः-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

( अनुसुची -४)

सम्झौता पत्र

मितीः

तिनाउ गाउँपालिका दोभान,पाल्पा अन्तर्गत ............................................... (यस पछि दोस्रो पक्ष भनिने) र तिनाउ गाउँपालिका दोभान,पाल्पा (यसपछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजम को शर्त पालना गर्ने गरि। यो सम्झौता अनुसार हस्ताक्षर गरी एक/ एक प्रति लियौ/दियौ ।

१.) सम्झौता गर्ने पक्ष

क) तिनाउ गाउँपालिका अन्तर्गतको कृषि फर्म/कृषक समूह/कृषि सहकारी बाट सम्झौता गर्ने आधिकारीक प्रतिनिधी

१. नाम :-

२.प्रतिनिधत्व गर्ने समूह/सहकारी :-

३. ठेगानाः

ख) कार्यक्रम स्थलको विबरण

१.तिनाउ गाउँपालिका वडा नं.

ग) कार्यक्रम कार्यान्वयन अवधि

१. शुरु हुने मिती :-

२. सम्पन्न हुने मिती :-

२.) कार्यक्रम अन्तर्गतको संचालन हुने क्रियाकलाप सम्बधि विवरण

क) कार्यक्रमको नामः

ख) कार्यक्रमको किसिमः

ग) कार्यक्रम को कुल लागत रु.

१.कार्यालयको अनुदान रकम रु.

२.कन्टेन्जेन्सी रकम रु.

३.समुहले व्यहोर्ने रकम रु.

घ कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने

१ कृषक परिवार संख्या

२ जनसंख्या

३समूदाय

४दलित

५जनजाति

४ सम्झौताका शर्तहरु

४.१ यो सम्झौता पत्र तिनाउ गाउँपालिका दोभान,पाल्पाको ........................................................कार्यक्रम कार्यान्वयन गर्न तिनाउ गाउँपालिका वडा नः...................... अन्तर्गतको ........................................................कृषक समुह/कृषि सहकारी/कृषि फार्म र तिनाउ गाउँपालिका बीच प्रयोग गरिनेछ ।यस कृषि फर्म /कृषक समुह /कृषि सहकारीमा देहाय वमोजिम स्पेशिफिकेसन/स्टीमेट अनुसारको पूर्वाधार निर्माण /मेसिनरी उपकरण सामग्री खरिद एवं व्यावस्थापन गरिने छ ।

४.२ दोस्रो पक्षले यस कार्यक्रम संचालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको अनुदान प्रतिशतमा नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चत गर्नु पर्नेछ ।

४.३ दोस्रो पक्षले यसै कार्यक्रमको लागि आफ्नै समुहको स्रोत बाहेक अन्य कुनै सरकारी , गैह सरकारी, संघ सँस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा तिनाउ गाउँपालिका कृषि शाखा लाई जानकारी गराउनु पर्नेछ ।

४.४ दोस्रो पक्षले कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु सचाँलन गर्दा तिनाउ गाउँपालिका कृषि विकास शाखाले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

४.५ दोस्रो पक्षले कार्यक्रम अन्तर्गत संचालन भएको क्रियाकलापहरुको कार्य सम्पन प्रतिवेदन सम्वन्धित प्राविधिकवाट तयार गरी /गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयवाट अनुमोदन गराए पश्चात मात्र सम्झौता वमोजिमको अनुदान रकम समुहको खाता/सम्बन्धीत अपुर्तिकर्तालाई भुक्तानी दिइनेछ ।

४.६ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भरपाई सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात रु......................।अक्षरेपी (.................................

)रुपैया मा नबढने गरि नियमानुसारले कन्टेन्जेन्सी र १.५ प्रतिशत अग्रिम कर कट्टा गरि दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउने छ वा सम्भौता वमोजिमको पुर्वाधार निर्माणका लागी सामाग्री आपुर्तीकर्ता/मेशिनरी उपकरण आपुर्तीकर्ता लाई सोझै भुक्तानी दिन सक्ने छ । दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा विल विजक पेश गर्नु पर्नेछ ।

४.७ दोस्रो पक्षको लापरबाहिको कारणबाट कार्य सम्पादन नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेबार सम्बन्धीत सहकारी/समुह/फार्मको हुनेछ ।

४.८ दोश्रो पक्षले यो सम्झौता बमोजिमको कामकारवाही व्यवसायिक योजना इष्टिमेट अनुसार सम्पन्न गरी कार्यक्रम संचालनमा ल्याउनु पर्नेछ ।

४.९ दोश्रो पक्षले कार्यक्रम सम्पन्न भैसके पछि फोटोहरु कम्तिमा भुक्तनिको लागि पेश गरिने बिल भर्पाइका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

४.१० दोस्रो पक्षले लिइएको अनुदान रकम कार्यक्रममा प्रयोग नगरी हिनामिना भएको भेटिएमा वा हेलचक्रइको कारणबाट हानी नोक्सानी भएमा प्रचालित नियम कानुन बमोजिम दिएको अनुदान रकम दोस्रो पक्षबाट असुल गरिने छ ।

४.११ तिनाउ गाँउपालिका कृषि शाखा बाट निरिक्षणमा जाने प्राविधिकलाई निरिक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

४.१२ कार्य सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ ।

४.१४ निर्माणकार्य अथवा यस सम्बन्धि दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा तिनाउ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

४.१५ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कनुन बमोजिम हुनेछ ।

४.१६ दोश्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तनी दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४.१७ सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचालित कानुन अनुसार हुनेछ ।

४.१८ स्थानिय आवश्यकता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिने छ।

४.१९ अन्या कुनै बुँदामा थपघट गर्नु परेमा दुबै पक्षको आपसी समझदारीमा गरिने छ ।

४.२० संलग्न फारमहरु

क) परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान

ख) परियोजनाबाट प्रत्येक्ष समान्वित हुने समूह/कृषकहरुको नामवली विवरण

उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनि दस्तखत गर्ने

प्रथम पक्षको तर्फबाट

नाम थरः

पदःप्रमुख प्रशासकीय अधिकृत

दस्तखतः ...........................

मिति :-

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम : | नाम : |
| पदः | पदः |
| दस्तखत | दस्तखत |

दोश्रो पक्षको तर्फबाट

| कृषि फार्म/कृषक समुह/सहकारी/वन/जल उपभोक्त सम्झौता गर्नेअधिकारिक प्रतिनिधि |
|---|
| नामः |
| प्रतिनिधत्व गर्ने कृषि फार्म/कृषक समुह/कृषि सहकारीको नामः |
| ठेगानाः |
| दस्तखत : |
| संस्थाको छापः |

| साक्षी १ | साक्षी २ |
|---|---|
| नाम : | नाम : |
| पदः | पदः |
| दस्तखत | दस्तखत |

नोट :-कार्यक्रमको प्रकृती अनुसार उक्त अनुसूचीमा थपघट गर्न सकिने छ ।

**प्रमाणिकरण मिति २०८०/०५/१५**

आज्ञाले,
लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत